# बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कर्मैया,सर्लाही
### शिलबन्दी वोलपत्र आव्हानको सूचना
**(प्रथम पटक प्रकाशित मिति : २०७५।०५।०४)**

बागमती नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने बागमती नदि क्षेत्रमा तपसिल बमोजिम आ.व. २०७५।७६ को ढुंगा, गिटी, वालुवामा प्राकृतिक स्रोत कर संकलन गर्न यो बोलपत्र आव्हान गरिएकोले इच्छुक फर्म वा कम्पनीले आफ्नो फर्मको नविकरण भएको प्रमाण पत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र पेश गरी निम्न शर्तहरुका अधिनमा रही तपसिल बमोजिमको मिति,समय र स्थानमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएकोछ ।

तपसिल :

| सि.नं. | ठेक्काको किसिम | न्यूनतम ठेक्का अंक (रु)<br>(मूल्य अभिवृद्धि कर बाहेक) | पछि फिर्ता नहुने गरी बोलपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|
| १ | बागमती नदि क्षेत्रको ढुंगा, गिटी, वालुवामा प्राकृतिक स्रोत कर (इआइए ले निर्धारण गरेको बागमती नगरपालिका क्षेत्रभित्रको परिमाणमा) | ५,३१,०४,०७१।००<br>(पांच करोड एकतिस लाख चार हजार एकहत्तर) | ५,०००।०० |

**शर्तहरु :**

१. वोलपत्र खरिद गर्ने मिति, समय र स्थान : २०७५।०५।०४ देखि २०७५।०६।०२ सम्म, कार्यालय समय भित्र, वागमती नगरपालिका नगरकार्यपालिको कार्यालय र वागमती नगरपालिकाको वडा कार्यालयहरु ।

२. वोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : २०७५।०६।०४ गते दिनको १२:०० बजे, वागमती नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कर्मैया, सलाही ।

३. वोलपत्र खोल्ने मिति, समय र स्थान : २०७५।०६।०४ गते दिनको २:०० बजे वागमती नगरपालिका नगरकार्यपालिकाको कार्यालय कर्मैया, सर्लाही ।

४. बोलपत्र जमानत वापत कबोल अंकको ५ (पाँच) प्रतिशतले हुने रकम बागमती नगरपालिकाको नाममा 'क' वर्गको वैंकको १८० दिन अवधिको बैक जमानत वा जमानत वापतको रकम नेपाल बैंक लि. हरिवन, शाखाको वागमती नगरपालिकाको नाममा रहेको धरौटी खाता नं. १३२०३००००००००३००००२ मा जम्मा गरेको सक्कल भौचर सिलवन्दी वोलपत्रसाथ संलग्न हुनु पर्नेछ ।

५. मूल्यांकन विधी : न्यूनतम रकम भन्दा माथि बढाबढ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बाग्मती नगरपालिकाको सूचना पाटी तथा वेवसाईट www.bagmatimunsarlahi.gov.np मा समेत हेर्न सकिनेछ ।

७. ठेक्का सम्बन्धी सामान्य शर्तहरु :

**क)** स्वीकृत कबोल अंक बरावरको यस नगरपालिकाको नाममा 'क' वर्गको वैंकको २ वर्ष अवधि भएको कार्यसम्पादन जमानत प्राप्त भएपछि वा कबोल अंक बराबरको रकम प्राप्त भए पछि मात्र सम्झौता गरी पट्टा प्रदान गरिने छ ।

**ख)** एकमुष्ट कबोल अंक बराबरको रकम सम्झौता गर्नु पूर्व बुझाएमा स्वीकृत कबोल अंकको १० (दश) प्रतिशतले हुने रकम छुट प्रदान गरिनेछ । तर किस्ताबन्दीमा रकम भूक्तानी गरेमा कुनै छुट दिईने छैन । किस्ताबन्दीमा रकम बुझाउँदा कवोल अंकको ४० प्रतिशत रकम सम्झौता गर्दाको बखत, दोस्रो किस्ता वापत ३० प्रतिशत रकम पौष मसान्तभित्र र बाँकी ३० प्रतिशत रकम चैत्र मसान्तभित्र बुझाउनु पर्नेछ ।

**ग)** कुनै कारणबाट कबोल अंक बराबरको रकम नउठेमा बोलपत्र दातालाई कुनै छुट दिईने छैन ।

**घ)** प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर तथा अन्य शूल्क सम्बन्धित निकायमा बोलपत्र दाताले नै बुझाउनु पर्नेछ । स्वीकृत कवोल अंकबाट कट्टा गर्न पाइने छैन् ।

ङ) ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७६ असार मसान्तसम्म कायम रहने छ ।

च) वोलपत्र दाताले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।

छ) बोलपत्र स्वीकृत भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र बोलपत्र दाता नियम अनुसार आयकर, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि लिई सम्झौतागर्न यस कार्यालयमा आउनु पर्नेछ । सम्झौता गरी पट्टा नउठाएमा वा बुझाउनु पर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार राखेको धरौटी रकम जफत गरिनेछ । दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन: बोलपत्र आहवान गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

ज) शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक उल्लेख गरी ३,३ प्रतिवाला रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउनप्रयोगमा ल्याउनु पर्नेछ । ठेकेदारले मासिक रुपमा विक्रि विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ । विवरण पेश नगरेको कारण संकलन रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।

झ) कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने अधिकार यस नगरपालिकामा सुरक्षित हुनेछ । बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको बोलपत्रलाई बदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

ञ)ढुंगा,गिटी, वालुवा सम्वन्धमा केन्द्रीय अनुगमन समिति, प्रदेश अनुगमन समिति, जिल्ला अनुगमन समिति एवं नगर स्तरीय अनुगमनसमितिवाट निर्देशन भए बमोजिम हुनेछ ।

ट)ढुंगा,गिटी, वालुवाको संकलन कार्य गर्दा जिसस सर्लाहीको स्वीकृत इआइए (EIA) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।ती शर्तहरुको पालना गर्दा वातावरणीय नकारात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्यहोर्नुपर्नेछ । नेपाल सरकार, प्रदेश सरकार तथा यस नगरपालिकाबाट वन्देज लगाईएको अवधिभर नदिबाट ढुंगा,गिटी, वालुवा संकलन गर्न पाईने छैन

ठ) सम्मानित अदालत, नेपाल सरकार, प्रदेश सरकार तथा यस नगरपालिकाको नीति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवम् दायित्व हुनेछ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति वा हानी नोक्सानी हुन गएमा ठेकेदारले नगरपालिकासँग सो को क्षतिपूर्तिको दावी गर्न पाउनेछैन् ।

ड) यस सुचनामा उल्लेख नभएका विषयहरु यस नगरकार्यपालिकाको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ ।

ढ) बोलपत्र सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

०७५।५।१४

प्रमुख प्रशासकीय अधिकृत

शिवराज रेग्मी
प्रमुख प्रशासकिय अधिकृत